# बड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

## काठमाडौं महानगरपालिका-१६, काठमाडौं

## बागमती, नेपाल

# १३ औं वार्षिक साधारण सभा

# २०८०


फोन नं. ०१–४९७०२२०

**Email: saccosbud@gmail.com**

**Website: www.budsaccos.com.np**

स्थायी ले.नं : ६००२५७१०३

दर्ता नं. :३८२२/०६८/०६९

# बड बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**(BUD SAVING & CREDIT CO-OPERATIVE LIMITED)**

**का.म.न.पा-१६,सोह्रखुट्टे, काठमाडौँ, नेपाल**

**फोन नं. ०१–४९७०२२०**

**Email: saccosbud@gmail.com**

**मिति :२०८०/०७/२०**

श्री.............................................ज्यू

शेयर सदस्य

**बिषय : साधारण सभामा उपस्थित हुने बारे ।**

यस बड बचत तथा ऋण सहकारी संस्था लि. को २०८० साल कार्तिक १९ गते आइतबार बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको **"तेह्रौं बार्षिक साधारण सभा"** देहायका विषयमा छलफल तथा निर्णयका लागि सञ्चालन हुने भएकोले सो साधारण सभामा उपस्थित भई दिनुहुन अनुरोध गर्दछु ।

**साधारण सभा हुने मिति,समय र स्थान :**

मिति : २०८० पौष ७ गते, शनिबार

समय : बिहान ०८:०० बजे

स्थान : सौगात पार्टी प्यालेस ,नयाँबसपार्क, काठमाण्डौं
(पुजाकोटि पेट्रोलपम्पको पारीपट्टी)

**साधारण सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत गरिने प्रस्तावहरु :**

१) आ.व.२०७९।०८० को संचालक समितिको प्रतिबेदन सम्बन्धमा ।

२) आ.व.२०७९।०८० को लेखासुपरिबेक्षण प्रतिबेदन सम्बन्धमा ।

३) आ.व.२०७९।०८० को लेखापरिक्षण प्रतिबेदन सम्बन्धमा ।

४) आ.व.२०८०।०८१ प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।

५) आ.व.२०८०।०८१ को लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक सम्बन्धमा ।

६) शेयर लाभांश र संरक्षित पूजी फिर्ता कोष सम्बन्धमा ।

७) आन्तरिक नीति तथा कार्यबिधिहरु संसोधन तथा पुनर्लेखन सम्बन्धमा ।

८) निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि चयन सम्बन्धमा ।

९) बिबिध

***नोट :****सभामा उपस्थित हुने सदस्यहरुलाई* ***रु. ५००।- (अक्षरुपी पाँच सय मात्र)*** *का दरले यातायात खर्च उपलब्ध गराईनेछ साथै नास्ता तथा खानाको व्यबस्था गरिनेछ जसका लागि कुपन अनिवार्य छ ।*

.........................

**रामचन्द्र भट्ट**
**सचिव**

# बड बचत तथा ऋण सहकारी संस्था लि.को
# तेह्रौं बार्षिक साधारण सभामा
## सञ्चालक समितिको तर्फबाट संस्थाका अध्यक्ष श्री थिरलाल भट्टज्यूबाट प्रस्तुत
## आर्थिक बर्ष २०७९/८० को बार्षिक प्रगति प्रतिबेदन

यस १३ औं बार्षिक साधारण सभा समारोहका आदरणीय अतिथिज्यूहरु, संचालक समितिका सहकर्मी साथीहरु, सल्लाहकारज्यूहरु, लेखा सूपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु, अन्य उपसिमितिहरुका संयोजक तथा सदस्यज्यूहरु, पूर्व संचालकज्यूहरु, कर्मचारी वर्ग र हाम्रो योजना नीति तथा कार्यक्रमलाई सफल बनाउन सदैव साथ दिनुहुने आदरणीय शेयरधनी महानुभावहरु एवं बचतकर्ता महानुभावहरुमा म संस्थाको सञ्चालक समितिको अध्यक्षको नाताले समग्र संस्था परिवार एवं मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिबादन गर्न चाहन्छु ।

बड बचत तथा ऋण सहकारी संस्था लिमिटेडको गरिमामय १३ औं बार्षिक साधारण सभामा बार्षिक प्रतिबेदन २०७९/८० प्रस्तुत गर्न पाउँदा हर्षको महशुस गरेको छु । सहकारी अभियानमा छुट्टै पहिचान बोक्न सफल यस सस्थाको अध्यक्षको रुपमा यहाँहरुको सेवा गर्ने अवसर प्राप्त भएकोमा र संस्थाले हासिल गरेको उपलब्धीहरु यहाँहरु बिच बाड्न पाएकोमा म अत्यन्तै उत्साहित छु ।

सहकारीको साधारण अर्थले सहकार्य, सह-अस्तित्व, समानकार्य वा सँगसँगै गरिने कामलाई बुझाउँछ । यसरी सँगसँगै मिलेर काम गरी आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक हैसियत माथि उठाउन गरिएको सामूहिक प्रयासलाई नै सहकारी भनिन्छ । प्राचीन सहकारीको सुरुवात पूर्वीय दर्शनबाट भएको हो । ऐंचोपैंचो, भारा पर्म, मर्दाको मलामी ज्युँदाको जन्तीजस्ता कुरा सहकारीकै प्रारम्भिक रूप हुन् । वि.सं.२०७२ मा संविधान सभाले सफलता पूर्वक नेपालको नयाँ संविधान घोषणा गऱ्यो, जसले सहकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रका तीन खम्बा मध्ये एकको रूपमा मान्यता दियो । सहकारीमा सदस्यहरु संस्थाका मालिक हुन्छन् । सहकारीमा पूंजीको भन्दा सदस्यको बढी महत्व हुन्छ । सहकारीले साना पूँजी संकलन गरि ठूलो पूँजी निर्माण गर्दछ । सहकारीले धनी, गरीब, जात, लिङ्ग, धर्म, भूगोल आदिका आधारमा भेदभाव नगरी सबैलाई आफ्ना सदस्य वा मालिकका रुपमा समान ब्यबहार गर्ने गर्दछ ।

बड बचत तथा ऋण सहकारी संस्था लि. को सदस्य सेवामा एउटा छुट्टै समृद्ध पृष्ठभूमि छ । वि.स. २०६८ साल श्रावण महिनाको ९ गतेका दिन दर्ता भई संचालनमा आएको यस संस्थाले आफ्नो सदस्यहरुलाई सहकारी वित्तीय तथा अन्य सेवाहरु मार्फत व्यक्तिहरुको जिबनस्तरमा अभिबृद्धि गरी पारस्परिक सहयोग गर्न सशक्त बनाउने उदेश्यले आफ्नो सेवाहरु बिकास र बिस्तार गर्दै आएको छ । एक दशक भन्दा बढी समयको हाम्रो इतिहासमा हामीले अनुभव गर्नुपरेको आरोह र अवरोहहरुमा सदस्यहरु र समुदायबाट प्राप्त बिश्वास र समर्थन हाम्रो सहकारी संचालकको ध्येय बनेर दुरगामी सोचमा स्थापित रहयो । यसै परिणाम स्वरुप विश्व अर्थतन्त्रमा आएको गिरावट, बित्तीय बजारको असन्तुलनले देखापरेको बैंक, बित्तीय संस्थाको तरलता चाप तथा सहकारी क्षेत्रमा देखिएका समस्याका बाबजुत यो संस्था निरन्तर बित्तीय सक्षमताका साथ संचालन भैरह्यो । बर्षभरि कुनैपनि समय ऋण लगानी बन्द भएन, बचत निक्षेपको बृद्धि भयो, सदस्यता बृद्धि भयो र कुल सम्पत्ति पनि बृद्धि भयो ।

हाम्रो सदस्यहरुको बिबिधता, समिति उप-समिति को संरचना र समावेशीताको स्थिति, मानव संसाधन ब्यबस्थापनको अबस्था, रणनीतिक योजना र प्रभावकारी संगठनात्मक ब्यबस्थापनले हाम्रो नेतृत्व अठोट र प्रतिबद्धततालाई प्रतिबिम्बित गर्दछ । हामी यस १३ औं बार्षिक साधारण सभाको भेला हुँदैगर्दा म सबै सदस्यहरुलाई हामीले गरेको क्रियाकलाप र प्रगतीहरु यस प्रतिबेदनमा प्रस्तुत भएको बिबरणहरुको आधारमा समिक्षा गर्न ,हाम्रा उपलब्धिहरुमा खुशी मनाउन, हाम्रा साझा चुनौतिहरु स्वीकार गर्न र भविष्यको लागि स्पष्ट मार्गचित्र कोर्नको लागि हामी संग-संगै सहभागी भईदिनुहुन आमन्त्रण पनि गर्दछु । यहाँहरु सबैको साथ, सहयोग र समर्थनले नै हामी दिगो सहकारी, खुशी र समृद्ध सदस्यहरुको परिकल्पना साकार पार्दै हाम्रो साझा उदेश्य पुरा गर्ने कार्य जारी राख्ने अठोट गर्दछौं ।

**संस्थाले आर्थिक बर्ष २०७९/८० मा गरेको उपलब्धीहरुलाई निम्न अनुसार प्रस्तुत गर्दछु :**

**१. (क) कुल सम्पत्ति**

संस्थाको गत बर्षको कुल सम्पत्ति रु.७,१४,८३,०१८.७५/- रहेकोमा यस बर्ष थप रु.१,५०,२०,६३५/- ले बृद्धि हुन गइ २०८०साल आषाढ मसान्तमा रु.८,६५,०३,६५४/-हुन पुगेको छ । **"एकले थुकी सुकी सयले थुकी नदि"** भनेजस्तै गरि तपाई हाम्रो सानो-सानो रकम संकलन गरि विश्व अर्थतन्त्रमा नै गिरावट आउदा पनि आज हाम्रो संस्था निरन्तर रुपमा बृद्धिको दिशातर्फ उन्मुख भएको देखिन्छ । यो तपाई हामीले गर्ब गर्ने बिषय हो ।

**(ख) बचत र निक्षेप**

गत बर्ष बचत रु.४,५८,८६,५०४/- मा यस बर्ष रु.१,१९,७०,२३२ /- ले बचतमा वृद्धि भइ यस बर्षको अन्त्यमा सदस्यहरुको बचत रकम रु.५,७८,५६,७३६/-रहेको छ । आर्थिक मन्दी र तरलताको अभाबले प्रभावित रहेको बित्तीय बजारको प्रतिकुल अबस्थाको बाबजुद पनि यस बचतको वृद्धिदर २६.०८% रहनु हाम्रा लागि सुखद पक्ष हो ।

**(ग) शेयर पूँजी**

गत आर्थिक बर्षमा शेयर पुंजी रु.१,६४,८७,२००/-मा यस बर्ष रु.११,९०,७००/- ले वृद्धि भई वि.सं. २०८० आषाढ मसान्तमा संस्थाको चुक्ता शेयर पुंजी रु.१,७६,७७,९००/-रहेको छ । संस्थामा न्युनतम २५० कित्ता देखि अधिकतम १००० कित्ता सम्मगरि जम्मा ५८७ जना सदस्यहरुको सहभागिता रहेको छ ।

**(घ) कर्जा लगानी**

सदस्यहरुको बहुआयमिक आर्थिक अबस्थामा सुधार ल्याउनको लागि यस संस्थाले आफ्नो सदस्यहरुलाई नियमित रुपमा ऋण लगानी गरिरहेको कुरा यहाँहरुलाई बिधितै छ । गत आ.व.मा कुल ऋण लगानी रु.५,९५,५२,९५७/-बाट यस आ.व.को अन्त्यमा रु.६,३१,०७,२३३/-पुग्न सफल भएको छ र वि.सं. २०८० साल अषाढ मसान्तमा संस्थामा तरलता रु.२,२३,३४,७६३/-रहेको छ जुन कुल बचतको अनुपातमा ३८.६०% रहेको छ ।

**(ङ) लगानी हिसाब**

संस्थाको यस बर्षको अन्त्यमा राष्टिय सहकारी बैंकमा प्रति शेयर रु.१०० का दरले १०० कित्ता गरी रु १०,०००/- नेफ्स्कूनमा प्रति शेयर रु.१०० का दरले १२४ कित्ता गरी रु.१२,४००/-, त्यस्तै गरी जिल्ला सहकारी संघमा रु.१०० का दरले ५० कित्ता गरी रु.५,०००/- गरी संस्थाबाट गरिएको कुल लगानी हिसाब रु.२७,४००/-रहेको छ। गत बर्षको तुलनामा कुल लगानीमा कुनै परिबर्तन आएको छैन ।

**(च) ब्याज आम्दानी**

गत आ.व. मा ऋण लगानीबाट प्राप्त ब्याज आम्दानी रु.९०,२९,६५५/-मा यस वर्ष रु.१६,९९,६३६/-ले बृद्धि भई ब्याज आम्दानी रु.१,०७,२९,२९१/-पुगेको छ। यस बर्ष न्युन ऋण मागका कारण संस्थामा तरलता बढ्न गई ब्याज आम्दानी केहि कम हुन गएको छ। आउदा बर्षहरुमा लगानीका नयाँ क्षेत्र खोज गरि आवश्यकता भन्दा बढी तरलता नराखी भोलिका दिनमा ब्याज आम्दानी अझै बढाउन सकिने अनुमान हामीले गरेका छौं ।

**(छ) ब्याज खर्च**

गत आ.व.मा सदस्यहरुबाट संकलन गरिएको बचतमा प्रदान गरिएको ब्याज खर्च रु. ३५,३८,४४१/- मा बचतमा आएको वृद्धिको फलस्वरुप रु. १६,०४,७४८/-ले ब्याज खर्च बढ्न गई कुल ब्याज खर्च जम्मा रु. ५१,४०,१८९/- पुगेको छ।

**(ज) कर्मचारी तथा प्रसाशनिक खर्च** :

संस्था संचालन गर्दा संस्थाको सर्बोपरि हितका लागि कार्य गर्दा र गराउदा गत आ.व. मा रु. ३०,२८,८९४/- भएको कर्मचारी तथा प्रसाशनिक खर्च रकम यस आ.व.मा बढ्न गई रु. ३५,९३,९६८/- पुगेको छ।

**(झ) आय कर ब्यवस्था**

यस आर्थिक बर्षमा आयकर ऐन २०५८ ले र्निदिष्ट गरे बमोजिम रु.४,७४,५२१/-आयकर ब्यवस्था गरिएको छ।

**२. (क) लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धमा**

हाम्रो सहकारीको मिति २०७९/०९/०२ गते सम्पन्न बाह्रौं बार्षिक साधारण सभाको अख्तियारी बमोजिम आ.व. ०७९।०८० को लेखा परिक्षण सम्पन्न गर्नको लागी बरिष्ठ चार्टर्ड एकाउन्टेन्ट श्री मनोज के.सी.ज्यूलाई नियुक्ति गरिएको र निजको पारिश्रमिक रु ५०,००० तोकिएको छ। उँहाले लेखा परिक्षण कार्य सम्पन्न गरी मिति २०८०/०७/२४ गते प्रतिवेदन संचालक समिति समक्ष पेश गर्नुभएको व्यहोरा सम्पुर्ण शेयर सदस्यज्यूहरुलाई अवगत गराउन चाहन्छौं।

**(ख) कर्मचारी बोनस :**

यस बर्ष सम्पूर्ण कारोबार समाबेश पछिको खुद बचत (मुनाफा)को दश प्रतिशत कर्मचारीको लागि बोनस रकम रु.४,४५,८६७/- को व्यबस्था गरिएको छ।

**(ग) नाफा नोक्सान हिसाबको बाँडफाँड :**

सहकारी विभागद्वारा जारी गरिएको सहकारी ऐन, २०७४ को दफा ६८, सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम संस्थाको नाफा नोक्सान बाँडफाँड निम्नानुसार गर्ने निर्णय गरिएको छ :

- **जगेडा कोष**

जगेडा कोषमा संस्थाको खुद बचत रकमको २५ प्रतिशत विनियोजन गरिएको ।

- **संरक्षित पूँजि फिर्ता कोष**

जगेडा कोषमा छुट्याई बांकि रहेको रकमलाई शतप्रतिशत मानी आएको रकमको २५ प्रतिशत संरक्षित पूँजी फिर्ता कोषमा विनियोजन गरिएको छ ।

- **संस्था प्रवर्द्धन कोष**

जगेडा कोषमा छुट्याई बांकि रहेको रकमलाई शतप्रतिशत मानी आएको रकमको ०.५ प्रतिशत संस्था प्रवर्द्धन कोषमा विनियोजन गरिएको छ ।

- **अन्य कोषहरु :**

संस्थाको यस आर्थिक वर्षको खुद वचतबाट जगेडा कोष, संरक्षित पुंजि फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा जम्मा गरेपछि बाँकी रहन आएको रकमलाई शतप्रतिशत मानी निम्न कोषहरु खडा गरिएको छ :

| विवरण | प्रतिशत |
|---|---|
| शेयर लाभांस कोष | ७०% |
| सामुदायिक विकास कोष | ५% |
| घाटापूर्ति कोष | ५% |
| सहकारी विकास कोष | ५% |
| स्थिरीकरण कोष | ५% |
| सहकारी शिक्षा तथा तालिम कोष | ५% |
| सदस्य स्वास्थ्य जोखिम कोष | ५% |
| **जम्मा** | **१००%** |

**(घ) अन्य कोषबाट जगेडा कोषमा सारिएको रकम :**

यस वर्ष अन्य कोषबाट जगेडा कोषमा निम्न अनुसार स्थान्तरण गरिएको छ ।

| विवरण | रकम (रु.मा) |
|---|---|
| संरक्षित पुंजि फिर्ता कोष | १७५,५००.०० |

| | |
|---|---|
| सामूदायिक विकास कोष | १०१,३३५.०० |
| घाटापूर्ति कोष | १९३,५२९.०० |
| सहकारी विकास कोष | २०१,१२३.०० |
| स्थिरीकरण कोष | १०१,३३५.०० |
| सहकारी शिक्षा तथा तालिम कोष | ७८,४३३.०० |
| सदस्य स्वास्थ्य जोखिम कोष | १०१,३३५.०० |
| **जम्मा** | **९५२,५९०.००** |

**(ङ) संस्थामा आवद्ध शेयर सदस्य संख्या सम्वन्धि जानकारी :**

हाम्रो सहकारीमा आ.व. ०७९/०८० को अन्त्य सम्ममा आवद्ध शेयर सदस्य संख्या निम्न बमोजिम रहेको छ ।

| विवरण | आ.व.०७८/७९सम्म | आ.व.०७९/८० मा थप | आ.व.०७९/८० खारेजी | आ.व.०७९/८० मा जम्मा | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर सदस्य संख्या | ५६७ | २० | ० | ५८७ | ३.५२ |

**(च) संस्थाद्धारा संचालित बचतका प्रकारहरु :**

आदरणीय सदस्यज्यूहरु, यहाँहरुको जानकारीको लागि यस संस्थाद्धारा संचालित बचतका प्रकारहरु निम्नअनुसार रहेका छन्:

| क्र.सं. | बचत प्रकार |
|---|---|
| १ | बड बचत |
| २ | बाल बचत |
| ३ | नारी बचत |
| ४ | बिशेष बचत |
| ५ | बिधार्थी बचत |
| ६ | ३६५ दिने बचत |
| ७ | आबधिक बचत |
| ८ | ऐच्छिक बचत |
| ९ | साधारण बचत |
| १० | खुत्रुके बचत |
| ११ | क्रमिक बचत |
| १२ | कारोबार बचत |
| १३ | अक्षयकोष बचत |

**(छ) संस्थाद्धारा संचालित ऋण सापटी सेवाहरु :**

| क.सं. | कर्जा शिर्षक | हाल कायम गरिएको ब्याजदर प्रतिशत |
|---|---|---|
| १ | व्यावसायिक कर्जा | १६ |
| २ | घर जग्गा धितो कर्जा | १६ |
| ३ | हायर पर्चेज कर्जा तथा दुई पाङ्ग्रे सवारी कर्जा | १६ |
| ४ | उपचार कर्जा | दूर्घटना एवम् जटिल शल्यक्रियाको लागि मात्र |
| ५ | कर्मचारी सहुलियत कर्जा (हायर पर्चेज कर्जा) | १० |

**३. सम्मान कार्यकम :**

संस्थामा आवद्ध भई उत्कृष्ट असल ऋणी, उत्कृष्ट कारोबारकर्ता, ज्येष्ठ नागरीक, यस वर्ष आधारभुत परिक्षा उर्तिण गरेका सर्बोत्कृष्ट छात्र-छात्रा एवं एस.इ.इ. गरेका विधार्थीहरुलाई सम्मान कार्यक्रम सम्पन्न गरिने छ :

**(क) उत्कृष्ट ऋणी सम्मान कार्यक्रम अर्न्तगत सम्मान पाउने सदस्यहरु :**

- श्री सुस्मा श्रेष्ठ-(महिला तर्फ)
- श्री बिर बहादुर गुरुङ्ग -(पूरुष तर्फ)

**(ख) उत्कृष्ट कारोबारी सम्मान कार्यक्रम अर्न्तगत सम्मान पाउने सदस्यहरु :**

- सुशिला श्रेष्ठ-(महिला तर्फ)
- राजु श्रेष्ठ-(पूरुष तर्फ)

**(ग) एस.इ.इ.सम्मान कार्यक्रम अर्न्तगत सम्मान पाउने शेयर सदस्यका छोरा/छोरी :**

- श्रेया गौतम -३.८०
- मन्जित श्रेष्ठ -३.४०
- प्रकृति बोहोरा -३.६५
- सज्जा राय -३.१०
- सचिन श्रेष्ठ -२.९५
- प्रिन्सिका श्रेष्ठ -२.९०
- आशिष  पाण्डे -२.६५
- ऋचा  ढकाल

**(घ) आधारभुत परिक्षा उर्तिण सम्मान कार्यक्रम अर्न्तगत सम्मान पाउने सदस्यका छोरा/छोरी**

- सदिक्षा पौडेल - ३.८५

- केनिश श्रेष्ठ - ३.८०

(ङ) **जेष्ठ नागरिक सम्मान कार्यक्रम अर्न्तगत ७० बर्ष माथिका सम्पर्ण शेयर सदस्यज्यूहरु**

## ४. दिवस मनाउने कार्यक्रम :

श्रावण ९ गते संस्था स्थापना दिवस मनाउने सन्दर्भमा २०७९साल श्रावण ९ गते संचालक समिती, अन्य समिति-उपसमितिका सदस्यहरु तथा कर्मचारीहरु भेला भई आफ्नो कार्यक्षेत्र भित्र रहेको हिमालयन वृद्वाआश्रममा रहनुभएका असहाय बुबा-आमाहरुका लागि एक साँझ खानाको व्याबस्था गरी संस्थाको बाह्रौं जन्मोत्सव मनाइएको सहर्ष जानकारी गराउँदछु ।यसैगरी २०७९साल चैत्र २० गते “राष्ट्रिय सहकारी दिवस” कार्यक्रममा हाम्रो संस्थाले सक्रियता पूर्वक सहभागिता जनाएको कुरा पनि यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

## ५. तालिम कार्यक्रम :

मिति २०७९ साल चैत्र ४ गते शनिबारका दिन संस्थामा आवद्द सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, विभिन्न उप-समितिका सदस्यहरु एवम कर्मचारीहरुको सहभागितामा एकदिने “**सहकारी नेतृत्व बिकास तालिम**” कार्यक्रम सञ्चालन गरियो ।

अन्तमा यस संस्थालाई आफ्नो लक्ष्यमा पुर्याउन अनवरत रुपले लाग्नु भइ आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुहुने संस्थाका संचालकज्यूहरु, सर्म्पूण शेयरसदस्यज्यूहरु, विभिन्न उपसमितिमा रहनु भएका मित्रहरु, संस्थाका कर्मचारीहरु र सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक धन्यबाद ज्ञापन गर्दै आगामी दिनहरुमा पनि सबै सरोकारवालाहरु अझ सुझबुझका साथ संस्थाको सर्वोपरी हितमा आफुलाई समर्पित गर्दै आफु अघि बढ्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

साथै सहकारी अभियानमा संलग्न रहेका सहकर्मी सहकारी संस्थाहरु, छाता संगठनहरु तथा समान उदेश्य बोकेका वित्तीय संस्थाहरुसँगको सुमधुर र सहयोगात्मक सम्बन्धलाई अझै बढी फराकिलो पार्ने यस संस्थाको नीति रहेको छ ।

नियामक निकायहरुबाट प्राप्त नीति, निर्देशन एबं बिद्यमान ऐन कानुनको सम्मानका साथ परिपालन गर्दै सहकारी अभियानलाई निरन्तर गतिशील बनाउन म लगायत सम्पूर्ण संचालक समिति मन, बचन र कर्मले प्रतिबद्ध छौं ।

**“हाम्रो आना – सुकी हाम्रै ज्यान, जय सहकारी अभियान”**
**“जय बड अभियान”**

**धन्यवाद ।**

**थिरलाल भट्ट**

अध्यक्ष

२०८० साल पौष ०७ गते शनिबार

# आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रमहरु :

## १. नियमित कार्यक्रम :

| क.स. | कार्यक्रम |
|---|---|
| १. | साधारण सभा |
| २. | संचालक समिति बैठक |
| ३. | लेखा समिति बैठक |
| ४. | उप समितिहरुको बैठक( ऋण उपसमिति -१८ महिला उपसमिति-४, शिक्षा उपसमिति-४) |
| ५. | विस्तारित बैठक |
| ६. | तालिममा सहभागिता |
| ७. | आन्तरिक लेखा परिक्षण |
| ८. | बाह्य लेखा परिक्षण |
| ९. | सदस्य भेटघाट तथा अन्तर्क्रिया |
| १०. | सहकारी दिबस मनाउने |
| ११. | जन्मोत्सव मनाउने |
| १२. | क्यालेण्डर प्रकाशन |

## २. सामाजिक क्रियाकलापहरु :

| क.स. | क्रियाकलाप |
|---|---|
| १ | एस.इ.इ. सम्मान कार्यक्रम |
| २ | आधारभुत कक्षा उत्तिर्ण सम्मान कार्यक्रम (प्रज्जवल स्मृति अक्षयकोष द्धारा) |
| ३ | उत्कृष्ट कारोवारी सम्मान कार्यक्रम |
| ४ | जेष्ठ सदस्य सम्मान कार्यक्रम |
| ५ | उत्कृष्ट ऋणी सम्मान कार्यक्रम |
| ६ | स्वास्थ्य /रक्तदान सिविर सञ्चालन कार्यक्रम |
| ७ | सदस्य सुरक्षणकोष कार्यक्रम |

## ३. आकस्मिक क्रियाकलापहरु :

| क.स. | क्रियाकलापहरु | वार्षिक लक्ष्य | कैफियत |
|---|---|---|---|
| १. | उपचार कर्जा प्रदान | आवश्यकता बमोजिम | दूर्घटना एवम् जटिल शल्यक्रियाको लागि मात्र संचालन समितिको निर्णयअनुसार कर्जा प्रवाह गर्ने । |

| | | | |
|---|---|---|---|
| २. | द्वैविक प्रकोप सहयोग | आवश्यकता बमोजिम | प्राकृतिक एवम् द्वैविक प्रकोपको बेला संचालन समितिको निर्णयअनुसार आर्थिक सहयोग प्रदान गर्ने । |

**४. व्यावसायिक क्रियाकलापहरु :**

| क्र.स. | क्रियाकलापहरु |
|---|---|
| १. | सदस्यता वृद्धि |
| २. | शेयर पूँजी वृद्धि |
| ३. | बचतमा वृद्धि |
| ४. | ऋण लगानिमा वृद्धि |
| ५. | व्याज आम्दानीमा वृद्धि |
| ६. | वाह्य ऋण (आबश्यकता अनुसार) |
| ७. | खुत्रुके बचत प्रोत्साहन |
| ८. | सदस्य सिपमुलक तालिम |

## आ.व. २०८०/८१ को लागी प्रस्ताबित बजेट

### आ.व. २०८०/८१ का लागि वासलात

| पूँजी तथा दायित्व | २०७९ आषाढ मसान्त (रु.मा) | २०८०आषाढ मसान्त (रु.मा) | २०८१आषाढ मसान्त (रु.मा) |
|---|---|---|---|
| शेयर पुँजी | १६,४८७,२००.०० | १७,६७७,९००.०० | १९,१७७,९००.०० |
| कोष हिसाब | ७,०६५,६८९.०० | ८,९९५,६६६.०० | ११,४९५,६६६.०० |
| बचत र निक्षेप | ४५,८८६,५०४.०० | ५७,८५६,७३६.०० | ७२,८५६,७३६.०० |
| चालु दायित्व तथा व्यवस्था | १,५८७,२६३.६२ | १,४९८,८३१.०० | १,३८८,८३१.०० |
| कर दायित्व | ४५६,३६२.११ | ४७४,५२१.०० | ४९९,५२१.०० |
| **जम्मा** | **७१,४८३,०१८.७३** | **८६,५०३,६५४.००** | **१०५,४१८,६५४.००** |

| सम्पति तथा जायजेथा | २०७९ आषाढ मसान्त (रु.मा) | २०८०आषाढ मसान्त (रु.मा) | २०८१आषाढ मसान्त (रु.मा) |
|---|---|---|---|
| नगद तथा बैंक मौज्दात | ११,३२१,११०.०० | २२,३३४,७६३.०० | १२,३३४,७६३.०० |

| | | | |
|---|---|---|---|
| लगानी हिसाब | २७,४००.०० | २७,४००.०० | २७,४००.०० |
| ऋण लगानी हिसाब | ५९,५५२,९५७.०० | ६३,१०७,२३३.०० | ९२,४१६,७९१.०० |
| पाउनुपर्ने तथा अन्य हिसाब | २०१,३९८.०० | ४५६,०२९.०० | २०६,०२९.०० |
| जायजेथा ,स्थिर सम्पति | ३८०,१५४.०० | ५७८,२२८.०० | ४३३,६७१.०० |
| **जम्मा** | **७१,४८३,०१९.००** | **८६,५०३,६५४.००** | **१०५,४१८,६५४.००** |

## आ.व. २०८०/८१का लागि प्रक्षेपित आय -व्यय बिबरण

| **विवरण** | **२०७९ आषाढ मसान्त (रु.मा)** | **२०८० आषाढ मसान्त (रु.मा)** | **२०८१आषाढ मसान्त (रु.मा)** |
|---|---|---|---|
| ऋणमा ब्याज आम्दानी (क) | ९,०२९,६५५.०० | १०,७२९,२९१.०० | १३,७१७,७८५.०० |
| ब्याज खर्च (ख) | ३,८३५,४४१.०० | ५,१४०,१८९.०० | ६,५५७,१०६.०० |
| **खुद ब्याज आम्दानी (क) - (ख)** | **५,१९४,२१४.००** | **५,५८९,१०२.००** | **७,१६०,६७९.००** |
| अन्य आम्दानी | २,३१५,७९७.०० | २,५३०,५०१.०० | २,७३२,२८७.०० |
| बैकं ब्याज आम्दानी | २५७,००७.०० | ६७८,४३४.०० | ५५२,७३५.०० |
| **कुल सञ्चालन आम्दानी** | **७,७६७,०१८.००** | **८,७९८,०३७.००** | **१०,४४५,७०१.००** |
| **खर्चहरु** | | | |
| कर्मचारी खर्च | १,४९२,९१८.०० | १,८८२,८४१.०० | २,०३५,२६२.०० |
| कार्यालय सञ्चालन खर्च | १,५३५,९७६.०० | १,७११,१२७.०० | १,९३७,५३५.०० |
| ह्रास कट्टी खर्च | १२६,७१८.०० | १३२,२५२.०० | १४४,५५७.०० |
| मर्मत खर्च | २९,८३५.०० | १५,११५.०० | २०,०००.०० |
| **जम्मा खर्च** | **३,१८५,४४७.००** | **३,७४१,३३५.००** | **४,१३७,३५४.००** |
| **संम्भावित नोक्सानी व्यवस्था अघिको संचालन मुनाफा** | **४,५८१,५७१.००** | **५,०५६,७०२.००** | **६,३०८,३४७.००** |
| ऋण नोक्सानी व्यवस्था | ८९,६३१.०० | १५२,१६४.०० | **०.००** |
| **कारोवारबाट संचालन नाफा वा (नोक्सान)** | **४,४९१,९४०.००** | **४,९०४,५३८.००** | **६,३०८,३४७.००** |
| **नियमित कारोबार बाट भएको मुनाफा /नोक्सान** | **४,४९१,९४०.००** | **४,९०४,५३८.००** | **६,३०८,३४७.००** |
| **सम्पूर्ण कारोबार समाबेश पछिको खुद मुनाफा** | **४,४९१,९४०.००** | **४,९०४,५३८.००** | **६,३०८,३४७.००** |
| कर्मचारी बोनस | ४०८,३५८.०० | ४४५,८६७.०० | ५७३,४८६.०० |
| **आयकर अघिको नाफा वा नोक्सान** | **४,०८३,५८२.००** | **४,४५८,६७१.००** | **५,७३४,८६१.००** |

# बड बचत तथा ऋण सहकारी संस्था लि.को
## तेह्रौं बार्षिक साधारण सभामा
## लेखा सुपरिवेक्षण समितिको तर्फबाट
## आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन

यस बड बचत तथा ऋण सहकारी संस्था लि. को तेह्रौं बार्षिक साधारणसभाका सभाध्यक्ष एवम् संस्थाका अध्यक्षज्यू, संचालक समितिका पदाधिकारी एवम् सदस्यज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, विभिन्न उप-समितिका संयोजक एवम् सदस्यज्यूहरु, लेखा समितिका सहकर्मी साथीहरु, यस गरिमामय सभामा उपस्थित संस्थाका शेयरधनी महानुभावहरु,व्यवस्थापक एवम् अन्य कर्मचारीमित्रहरु साथै उपस्थित महानुभावहरुमा लेखा सुपरिवेक्षण समिति तथा मेरा व्यक्तिगत तर्फबाट यहाँहरुलाई हार्दिक अभिवादन व्यक्त गर्न चाहन्छु । यस गरिमामय सभामा लेखा तथा सपरिवेक्षण समितिका तर्फबाट संस्थाको आ.व. ०७९/८० को बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आदरणिय यस साधारण सभामा उपस्थित महानुभावहरु, विगत केहि बर्षदेखि राष्ट्रिय एवम् अन्तराष्ट्रिय रुपमा देखिएको आर्थिक मन्दीका बाबजुद हाम्रो यस संस्थाले आफ्नो आर्थिक कारोबार उत्साहजनक रुपमा संचालन गर्दै आइरहेको छ । संस्थालाई यस अवस्थामा राख्न संस्थाले सहकारी ऐन, नियमावली, विनियमका अक्षरस पालना गर्नु र संचालक समिति तथा अन्य उपसमितिहरु लगायत कर्मचारीहरुको अथक मेहनत तथा सुझवुझको साथै संस्थाका शेयर सदस्यहरुको अपार विश्वास र साथ सहयोग नै हो । यस साथ र सहयोगको लागि लेखा समिति संस्थासँग सम्वन्धित सम्पूर्ण पक्षप्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा सम्वन्धित सम्पूर्ण पक्षको सकारात्मक सहयोगको अपेक्षा गर्दछ ।

सहकारीका नितिहरु अक्षरस पालना गर्दै संस्था आज तेह्रौं बर्षमा सफलता पूर्वक प्रवेश गर्दा अत्यन्त खुशी लागेको छ । समितिहरुद्धारा पेश भएका लेखा सम्वन्धि प्रतिवेदन एवम् संस्थाको आर्थिक स्थिति अध्ययन गर्दा संस्थामा चालु रुपमा रहेका खाताहरु एवम् बिल भर्पाई र रसिदहरु चुस्त-दुरुस्त रहेका छन् । संस्थामा हाल सम्म कुनै बेरुजु नभएको, संस्थाको आर्थिक क्रियाकलाप सन्तोषजनक रुपमा अगाडी बढीरहेको, संस्थामा बचत संकलन र ऋण लगानी सन्तुलनमा रहेको एवम् तरलताको अवस्था राम्रो रहेको कुरा यस सम्मानीत सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**आदरणीयशेयर सदस्य महानुभावहरु ,**

**(१) यस वड बचत तथा ऋण सहकारी संस्था लि. ले आ.व. ०७९/८० मा भए गरेका कार्य विवरण निम्नानुसार प्रस्तुत गर्दछु :**

(क) यस संस्थाले सहकारी ऐन, नियमले तोकेको ढाँचा अनुसार हिसाब किताबहरु विद्युतीय प्रणालीमा व्यवस्थित गरिएको देखिन्छ ।

(ख) खराब ऋणका लागि नियमानुसार कर्जा नोक्सानीको ब्यबस्था गरिएको छ ।

(ग) सहकारी संस्थाले सुरक्षणका रुपमा आफ्नो सम्पत्ति धितो राखी कुनै कर्जा लिएको छैन

(घ) तोकिएको समयमा ब्याज नबुझाउने सदस्यबाट जरिवाना तथा हर्जाना असुल गर्ने गरेको छ ।

(ङ) सहकारीले धन जमानी तथा आवश्यकता अनुसार धितोको आधारमा कर्जा लगानी गर्ने गरेको छ ।

(च) संस्थाले संचालाक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, बिभिन्न उपसमिति र कर्मचारीलाई समय-समयमा नेतृत्व विकासका लागि तालिम संचालन गर्दै आइरहेको छ ।

(छ) यस आ.व. मा अर्थतन्त्रमा देखिएको मन्दीको बाबजुद पनि यस सस्थाले कुनै बाधा अड्चन बिना सदस्यहरु माझ नियमित आर्थिक क्रियाकलापहरु संचालनमा ल्याइरहेको छ ।

(ज) संस्थाले नगद सुरक्षणका लागि भल्टको बिमा गरेको छ ।

(झ) संस्थाले आफ्नो बार्षिक उत्सब मनाउने क्रममा आफ्नो सामाजिक उत्तरदायित्वलाई ध्यानमा राखी आफ्नो कार्यक्षेत्र भित्र रहेको हिमालयन वृद्धा आश्रममा रहेका असहाय बुवा आमाका लागि एकसाझ खानाको ब्यबस्था गरेको पाइयो ।

(ञ) संस्थाले निरन्तर रुपमा सहकारी दिवसमा आफ्नो सहभागिता जनाउदै आइरहेको छ ।

**२. अवस्था :**

यस संस्थाको आ.व. २०७९/८०मा औपचारिक रुपमा संचालक समितिको १९ वटा बैठक, लेखा समितिको ४ वटा बैठक, ऋण उप-समितिको २५ वटा बैठक, शिक्षा उपसमिति ३ वटा बैठक, महिला उपसमितिको ४ वटा बैठक, बजार अनुगमन तथा सुपरिबेक्षेण उपसमितिको १ वटा बैठक, सास्कृतिक उपसमितिको २ वटा बैठक,सम्पन्न भएको देखिन्छ। संचालक समितिको विभिन्न मितिमा बसेका वैठकको निर्णयहरु कार्यान्वयन भएको देखिन्छ । उक्त बैठकहरुको निर्णयहरुलाई अध्ययन गर्दा कुनै पनि निर्णय संस्थाको अहितमा रहेको देखिदैन। लेखा समितिले यस अघि दिएका प्रतिवेदनहरुको सुझावको कार्यान्वयन अवस्था पनि सन्तोषजनक नै रहेको देखिन्छ ।

**३. आर्थिक अवस्था :**

| **पूँजी तथा दायित्व** | २०७९ आषाढ मसान्त (रु.मा) | २०८०आषाढ मसान्त (रु.मा) |
|---|---|---|
| शेयर पुँजी | १६,४८७,२००.०० | १७,६७७,९००.०० |

| | | |
|---|---|---|
| कोष हिसाब | ७,०६५,६८९.०० | ८,९९५,६६६.०० |
| बचत र निक्षेप | ४५,८८६,५०४.०० | ५७,८५६,७३६.०० |
| चालु दायित्व तथा व्यवस्था | १,५८७,२६३.६२ | १,४९८,८३१.०० |
| कर दायित्व | ४५६,३६२.११ | ४७४,५२१.०० |
| **जम्मा** | **७१,४८३,०१८.७३** | **८६,५०३,६५४.००** |

| **सम्पति तथा जायजेथा** | २०७९ आषाढ मसान्त (रु.मा) | २०८०आषाढ मसान्त (रु.मा) |
|---|---|---|
| नगद तथा बैंक मौज्दात | ११,३२१,११०.०० | २२,३३४,७६३.०० |
| लगानी हिसाब | २७,४००.०० | २७,४००.०० |
| ऋण लगानी हिसाब | ५९,५५२,९५७.०० | ६३,१०७,२३३.०० |
| पाउनुपर्ने तथा अन्य हिसाब | २०१,३९८.०० | ४५६,०२९.०० |
| जायजेथा ,स्थिर सम्पति | ३८०,१५४.०० | ५७८,२२८.०० |
| **जम्मा** | **७१,४८३,०१९.००** | **८६,५०३,६५३.००** |

**४. लेखा समितिको सुझावहरु :**

- बचत संकलन वृद्धि गर्न नियमक प्रतिस्पर्धी ब्याज प्रदान गर्ने ।
- कर्जाको किस्ता तथा व्याज नियमित रुपमा संकलन गर्न प्रयास गर्ने ।
- सदस्यहरुलाई सिपमुलक तालिमको आयोजना गर्ने र सदस्यहरुलाई उधेमसील बन्नतर्फ उत्प्रेरित गर्ने ।
- सदस्यहरुबिचमा समय समयमा अन्तर्क्रिया तथा गोष्ठीको आयोजना गर्ने ।
- सहकारी संस्थाहरु प्रति चलेका विभिन्न नकारात्मक हल्ला, आर्थिक मन्दि र व्याजदर बारे समिक्षा गर्दै समय अनुकल निक्षेप तथा ऋण नितिमा परिवर्तन गर्ने ।
- शेयर सदस्यहरुलाई आर्थिक कारोबार गर्न यस संस्था तर्फ प्रेरित गर्ने ।
- प्रविधिको उच्चतम प्रयोग तर्फ ध्यान दिनुपर्ने ।

अन्त्यमा आफ्नो अमुल्य समय खर्चेर यस साधारण सभामा उपस्थित हुनुभएका संचालक समिति तथा अन्य उपसमितिका संयोजक एवम् सदस्यज्यूहरु लगायत शेयर सदस्यज्यू

हरुलाई विशेष धन्यवाद दिदैं संस्थाप्रति सदैव सकारात्मक सोच राखी एक अनुकरणीय सहकारी संस्थाको रुपमा स्थापित गर्न यहाँहरुको सल्लाह र सुझावको अपेक्षा गर्दछु । हालसम्म प्राप्त सहयोगको लागि सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दै लेखा समितिको प्रतिवेदन यहि अन्त्य गर्ने अनुमती चाहन्छु ।

**जय सहकारी । जय बड साकोस ।**
**धन्यवाद !**

**टंक बहादुर श्रेष्ठ**
**संयोजक, लेखा सुपरिवेक्षण समिति**

# बड बचत तथा ऋण सहकारी संस्था लि.

**का.म.न.पा -१६ , काठमाडौ, नेपाल**

**बित्तीय स्थितिको विवरण**

**३१ आषाढ २०८० को**

| विवरण | अनूसूचि | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|---|
| **पूँजी तथा दायित्व हिसाब** | | | |
| शेयर पुँजी | १ | १७,६७७,९०० | १६,४८७,२०० |
| जगेडा तथा अन्य कोषहरु | २ | ८,९९५,६६६ | ७,०६५,६८९ |
| बचत (निक्षेप) हिसाब | ३ | ५७,८५६,७३६ | ४५,८८६,५०४ |
| भुक्तानी दिनुपर्ने हिसाब | ४ | १,९७३,३५१ | २,०४३,६२६ |
| **जम्मा** | | ८६,५०३,६५४ | ७१,४८३,०१९ |
| **सम्पत्ति तथा जायदात हिसाब** | | | |
| नगद तथा नगद समान | ५ | २२,३३४,७६३ | ११,३२१,११० |
| अन्य लगानी हिसाब | ६ | २७,४०० | २७,४०० |
| ऋण लगानी हिसाब | ७ | ६३,१०७,२३३ | ५९,५५२,९५७ |
| पाउनू पर्ने तथा अन्य हिसाब | ८ | ४५६,०२९ | २०१,३९८ |
| जायजेथा, प्लान्ट र उपकरण | ९ | ५७८,२२८ | ३८०,१५४ |
| **जम्मा** | | ८६,५०३,६५४ | ७१,४८३,०१९ |

प्रमुख लेखानिति तथा टिप्पणी

अध्यक्ष

कोषाध्यक्ष

सचिव

लेखा समिति संयोजक

व्यवस्थापक

मनोज केसी
बरिष्ठ चार्टर्ड एकाउन्टेन्ट
साझेदार
एम़ आर य् एण्ड एसोसिएटस
चार्टर्ड एकाउन्टेन्टस

# बड बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा -१६ , काठमाडौ, नेपाल

नाफा\नोक्सान हिसाबको विवरण

श्रावण १,२०७९ देखि ३१ आषाढ ,२०८० सम्मको

| विवरण | अनुसूचि | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|---|
| ऋणमा ब्याज आम्दानी (क) | १० | १०,७२९,२९१ | ९,०२९,६५५ |
| ब्याज खर्च (ख) | ११ | ५,१४०,१८९ | ३,८३५,४४१ |
| **खुद ब्याज आम्दानी (क) - (ख)** | | **५,५८९,१०२** | **५,१९४,२१४** |
| अन्य आम्दानी | १२ | २,५३०,५०१ | २,३१५,७९७ |
| बैकं ब्याज आम्दानी | | ६७८,४३४ | २५७,००७ |
| **कुल सञ्चालन आम्दानी** | | **८,७९८,०३७** | **७,७६७,०१८** |
| **खर्चहरु** | | | |
| कर्मचारी खर्च | १३ | १,८८२,८४१ | १,४९२,९१८ |
| कार्यालय सञ्चालन खर्च | १४ | १,७११,१२७ | १,५३५,९७६ |
| ह्रास कट्टी खर्च | ९ | १३२,२५२ | १२६,७१८ |
| मर्मत खर्च | | १५,११५ | २९,८६५ |
| **जम्मा खर्च** | | **३,७४१,३३५** | **३,१८५,४७७** |
| **संम्भावित नोक्सानी व्यवस्था अधिको संचालन मुनाफा** | | **५,०५६,७०३** | **४,५८१,५४१** |
| ऋण नोक्सानी व्यवस्था | | १५२,१६४ | ८९,६३१ |
| **कारोवारबाट संचालन नाफा वा (नोक्सान)** | | **४,९०४,५३९** | **४,४९१,९१०** |
| गैर सञ्चालन आम्दांनी | | – | – |
| सम्भाबित नोक्सानी ब्यबस्थाबाट फिर्ता | | – | – |
| **नियमित कारोबार बाट भएको मुनाफा /(नोक्सान)** | | **४,९०४,५३९** | **४,४९१,९१०** |
| असामान्य कारोबारबाट भएको आम्दानी /(खर्च) | | – | – |
| **सम्पूर्ण कारोबार समाबेश पछिको खुद मुनाफा** | | **४,९०४,५३९** | **४,४९१,९१०** |
| कर्मचारी बोनस | | ४४५,८६७ | ४०८,३५५ |
| **आयकर अधिको नाफा वा (नोक्सान)** | | **४,४५८,६७२** | **४,०८३,५५५** |
| **आयकर खर्च** | | ४७४,५२१ | ४५६,३६२ |
| यस बर्षको कर ब्यबस्था | | ४७४,५२१ | ४५६,३६२ |
| बिगत बर्षसम्मको कर ब्यबस्था | | | – |
| **खूद वचत/(नोक्सान) (आयकर पछिको)** | | **३,९८४,१५१** | **३,६२७,१९२** |

अध्यक्ष कोषाध्यक्ष सचिव

लेखा समिति संयोजक व्यवस्थापक

मनोज केसी
वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट
साझेदार
एम आर यु एण्ड एसोसिएटस

M.R.U. & Associates, Kathmandu, Chartered Accountants

मिति: २०८०/०६/२८
स्थान : काठमाण्डौ

# बड बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा -१६ , काठमाडौ, नेपाल

नगद प्रवाह विवरण

श्रावण १,२०७९ देखि ३१ आषाढ ,२०८० सम्मको

| विवरण | | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|---|
| **(क)संचालन गतिविधिबाट नगद प्रवाह** | | | |
| आय कर पछिको खुद नाफा (नोक्सानी) | | ३,९८४,१५१ | ३,६२७,१९२ |
| हासकट्टी | (+) | १३२,२५२ | १२६,७१८ |
| क्षयिकरण खर्च | (+) | | |
| बिभिन्न कोषमा समायोजन | (+/-) | (३,९८४,१५१) | (३,६२७,१९२) |
| कर भुक्तानी रकम | (-) | | |
| **संचालन गतिविधिबाट नगद प्रवाह** | | **१३२,२५२** | **१२६,७१८** |
| चालु सम्पति तथा चालु दायित्वमा भएको परिवर्तन | | | |
| निक्षेप हिसाबमा बृद्धि /(कमी) | | ११,९७०,२३२ | ३,५६३,१८६ |
| अन्य दायित्वमा तथा ब्यवस्थामा बृद्धि /(कमी) | | (७०,२७४) | ६७८,४६१ |
| भुक्तानी दायित्वमा बृद्धि /(कमी) | | - | - |
| लगानी (बृद्धि) /कमी | | - | - |
| चालु सम्पतिमा कमी/ (बृद्धि) | | (२५४,६३२) | (५७,५८५) |
| कर्जा तथा सापट लगानीमा कमी/ (बृद्धि) | | (३,५५४,२७६) | (७,१४५,१४८) |
| **कुल कार्यशिल पूजीबाट नगद प्रवाह** | | **८,०९१,०५०** | **(२,९६१,०८६)** |
| **कुल संचालन गतिविधिबाट नगद प्रवाह (क)** | | **८,२२३,३०१** | **(२,८३४,३६८)** |
| | | | |
| **(ख) लगानी गतिविधिबाटको नगद प्रवाह** | | | |
| स्थीर सम्पतीको खरिद | | (३३०,३२५) | (९२,५६४) |
| स्थीर सम्पतीको बिक्री | | - | - |
| **कुल लगानी गतिविधिबाटको नगद प्रवाह (ख)** | | **(३३०,३२५)** | **(९२,५६४)** |
| **वित्तिय गतिविधिबाटको नगद प्रवाह :** | | | |
| शेयर बिक्रीबाट प्राप्त रकम | | १,१९०,७०० | १,५६९,९०० |
| बाह्रय ऋणमा बृद्धि /(कमी) | | - | - |
| कोषबाट भुक्तानी | | १,९२९,९७७ | १,२१०,६३५ |
| **कुल वित्तिय गतिविधिबाट नगद प्रवाह (ग)** | | **३,१२०,६७७** | **२,७८०,५३५** |
| **कुल गतिविधिबाटे नगद प्रवाह ( क+ख+ग)** | | **११,०१३,६५४** | **(१४६,३९७)** |
| शुरु नगद तथा बैंक मौज्दात | | ११,३२१,११० | ११,४६७,५०७ |
| **चालु आ.ब.अन्तको नगद तथा बैंक मौज्दात** | | **२२,३३४,७६३** | **११,३२१,११०** |

अध्यक्ष

कोषाध्यक्ष

सचिव

लेखा समिति संयोजक

ब्यवस्थापक

मनोज केसी
साझेदार
बरिष्ठ चार्टर्ड एकाउन्टेन्ट
एम आर यु एण्ड एसोसिएटस

# बड बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा -१६ , काठमाडौं, नेपाल

ईक्युटीमा भएको परिवर्तनको विवरण

श्रावण १,२०७९ देखि ३१ आषाढ ,२०८० सम्मको

| विवरण | शेयर पुँजी | जगेडा कोष | संरक्षित पुँजी फिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | शेयर लाभांस कोष | घाटापूर्ति कोष | सहकारी शिक्षा तथा तालिम कोष | सहकारी विकास कोष | सदस्य स्वास्थ्य जोखिम कोष | सामुदायिक विकास कोष | स्थिरिकरण कोष | अन्य कोषहरू | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरू मौज्दात | १६,४८७,२०० | ३,९१४,३८७ | ६८०,०९९ | ४१,४७१ | १,५४७,९०८ | १९३,५२९ | १८३,१६८ | २०१,१२४ | १०१,३३५ | १०१,३३५ | १०१,३३५ | | २३,५५२,८८९ |
| लेखा नितिमा भएको परिवर्तनको असर | | | | | | | | | | | | | |
| परिवर्तित मौज्दात | | | | | | | | | | | | | |
| चुक्ता पुँजी थप/(फिर्ता) | १,१९०,७०० | | | | | | | | | | | | १,१९०,७०० |
| सम्पत्तिमा भएका पूनमूल्याकंन | | | | | | | | | | | | | |
| कोषबाट भएको भुक्तानि तथा खर्च | | | (६८०,०९९) | | (१,५४४,६२४) | (१९३,५२९) | (१८३,१६८) | (२०१,१२४) | (१०१,३३५) | (१०१,३३५) | (१०१,३३५) | | (३,१०६,५४७) |
| विभिन्न कोषको समायोजन | | १,०५२,३७४ | | | | | | | | | | | १,०५२,३७४ |
| यस आ.व.को खुद नाफा बाँडफाँड | | ९९६,०३८ | ७४७,०२८ | ३,७३५ | १,५६६,१४५ | १११,८६७ | १११,८६७ | १११,८६७ | १११,८६७ | १११,८६७ | १११,८६७ | | ३,९८४,४५१ |
| अन्तिम मौज्दात | १७,६७७,९०० | ५,९६२,७९८ | २,१०७,२२६ | ४५,२०६ | १,५६९,४२९ | १११,८६७ | १११,८६७ | १११,८६७ | १११,८६७ | १११,८६७ | १११,८६७ | | २६,६७३,५६६ |

अध्यक्ष

कोषाध्यक्ष

सचिव

लेखा समिति संयोजक

व्यवस्थापक

मनोज केसी
वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट
साझेदार
एम् आर यु एण्ड एसोसिएटस

M.R.U. & Associates * Kathmandu * Chartered Accountants *

**जगेडा तथा अन्य कोष** | अनुसूची २

| विवरण | यस आ.ब.को | यस वर्ष समायोजन | यस आ.ब.को थप | गत आ.ब.को |
|---|---|---|---|---|
| साधारण जगेडा कोष | ५,९६२,७९८ | १,०५२,३७४ | ९९६,०३८ | ३,९१४,३८७ |
| शेयर लाभांस कोष | १,५६९,४२९ | (१,५४४,६२४) | १,५६६,१४५ | १,५४७,९०८ |
| संरक्षित पूजी फिर्ता कोष | ७४७,०२८ | ६८०,०९९ | ७४७,०२८ | ६८०,०९९ |
| सहकारी प्रवर्धन कोष | ४५,२०६ | - | ३,७३५ | ४१,४७१ |
| सामुदायिक विकास कोष | १११,८६७ | १०१,३३५ | १११,८६७ | १०१,३३५ |
| घाटा पुर्ति कोष | १११,८६७ | १९३,५२९ | १११,८६७ | १९३,५२९ |
| सहकारी बिकास कोष | १११,८६७ | २०१,१२४ | १११,८६७ | २०१,१२४ |
| स्थिरिकरण कोष | १११,८६७ | १०१,३३५ | १११,८६७ | १०१,३३५ |
| सहकारी शिक्षा तथा तालिम कोष | १११,८६७ | १८३,१६८ | १११,८६७ | १८३,१६८ |
| सदस्य स्वास्थ्य जोखिम कोष | १११,८६७ | १०१,३३५ | १११,८६७ | १०१,३३५ |
| **जम्मा** | **८,९९५,६६६** | **१,०६९,६७३** | **३,९८४,१५१** | **७,०६५,६८९** |

M.R.U. & Associates * Chartered Accountants * Kathmandu

# बड बचत तथा ऋण सहकारी संस्था लि.
## ३१ आषाढ २०८०
## शेयर पूंजी

अनुसुची १

| विवरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| १ जारी शेयर पूंजी<br>(१७६,७७९ प्रति शेयर रु. १०० ले) | १७,६७७,९०० | १६,४८७,२०० |
| २ शेयर पूंजी<br>(१७६,७७९ प्रति शेयर रु. १०० ले) | १७,६७७,९०० | १६,४८७,२०० |

अनुसूची ३

बचत (निक्षेप) हिसाब

| विवरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| मुद्धति निक्षेप | १९,७५३,०१८ | १४,२१८,७५१ |
| साधरण बचत | २४३,६५५ | २१७,७६८ |
| बाल बचत | १,०१८,३७१ | ७९०,४७७ |
| नारी बचत | १७६,३५८ | २५५,४८८ |
| आवधिक बचत | ४,८९१,४७७ | ३,९२४,३१३ |
| बड बचत | २१,१९९,५७२ | १७,१८०,५१९ |
| ३६५ दिन बचत | ४,०९८,१६६ | १,८८७,२३० |
| बिशेष बचत | ६२२,२९० | ५८३,९९३ |
| बिधार्थी बचत खाता | – | ३७८ |
| स्वइक्षिक बचत खाता | ९२७,९९९ | १,४६०,४५० |
| खुत्रुके बचत खाता | ७६०,१३२ | १,०११,२११ |
| कारोबार बचत खाता | २,७१८,९०५ | २,५०२,४८२ |
| कर्मचारी संचय कोष बचत खाता | – | १३९,८९० |
| अक्षय कोष बचत खाता | १३२,८६१ | १२२,५१७ |
| शेयर लाभांस बचत खाता | १,३१३,९३१ | १,५९१,०३६ |
| **जम्मा** | **५७,८५६,७३६** | **४५,८८६,५०४** |

अनुसूची ४

भूक्तानी दिनूपर्ने हिसाब

| विवरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| कर कट्टी | २९,००५ | ७५० |
| लेखापरिक्षण शुल्क | ५५,७५० | ५५,७५० |
| ऋण जोखिम व्यवस्था | ७८०,४८४ | ६२८,३२० |
| अन्य भुत्तानी दिनुपर्ने | – | ४९,७१९ |
| कर्मचारी बोनस व्यवस्था | ६३३,५९१ | ८५२,७२४ |
| आयकर दायित्व | ४७४,५२१ | ४५६,३६२ |
| **जम्मा** | **१,९७३,३५१** | **२,०४३,६२६** |

M.R.U. & Associates
Kathmandu
Chartered Accountants

अनुसूची ५

नगद तथा नगद समान

| विवरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| नगद मौज्दात | ५,४७५,९२६ | २,०१३,२७३ |
| प्राइम बैकं लि. | ४१४,९१९ | १,४७२,९६३ |
| नेपाल बचत तथा ऋण के सहकारी संघ | ९५,३१४ | ७२,१४७ |
| राष्ट्रिय सहकारी बैकं लि. | १६,३४८,६०४ | ७,७६२,७२७ |
| जम्मा | २२,३३४,७६३ | ११,३२१,११० |

अनुसूची ६

अन्य लगानी हिसाब

| विवरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| नेपाल बचत तथा ऋण के सहकारी संघ | १२,४०० | १२,४०० |
| जिल्ला सहकारी संघ | ५,००० | ५,००० |
| राष्ट्रिय सहकारी बैकं लि. | १०,००० | १०,००० |
| जम्मा | २७,४०० | २७,४०० |

अनुसूची ७

ऋण लगानी हिसाब

| विवरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| हायर पर्चेज कर्जा | १९७,६६० | ४५३,४०५ |
| ब्यापार कर्जा | ५७,४९४,११२ | ५३,९५५,०९८ |
| जग्गा कर्जा | ५,४१५,४६१ | ५,१४४,४५४ |
| जम्मा | ६३,१०७,२३३ | ५९,५५२,९५७ |

अनुसूची ८

पाउनू पर्ने तथा अन्य हिसाब

| विवरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| अग्रिम आयकर | ४३१,७५१ | २०१,२४८ |
| अन्य पाउनुपर्ने | २४,२७९ | १५० |
| जम्मा | ४५६,०२९ | २०१,३९८ |

# बड बचत तथा ऋण सहकारी संस्था लि.

**का.म.न.पा -१६ , काठमाडौ, नेपाल**

**खुद नाफा\नोक्सान बाँडफाँडको विवरण**

**श्रावण १,२०७९ देखि ३१ आषाढ ,२०८० सम्मको**

| विवरण | | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|---|
| गत आ.ब.को संचित मुनाफा | | - | |
| यस आ.ब.को नाफा नोक्सान | | ३,९८४,१५१ | ३,६२७,१९२ |
| **जम्मा** | **क** | **३,९८४,१५१** | **३,६२७,१९२** |
| **कोषमा बाँडफाँड** | | | |
| साधारण जगेडा कोष | २५.0% | ९९६,०३८ | ९०६,७९८ |
| अन्य कोष बांडफांडका लागि प्राप्त | | २,९८८,११३ | २,७२०,३९४ |
| संरक्षित पुंजी फिर्ता कोष | २५.0% | ७४७,०२८ | ६८०,०९९ |
| सहकारी प्रवर्धन कोष | 0.५% | ३,७३५ | १३,६०२ |
| | | २,२३७,३५० | २,०२६,६९४ |
| शेयर लाभांस कोष | ७0.0% | १,५६६,१४५ | १,४१८,६८६ |
| सामूदायिक विकास कोष | ५.0% | १११,८६७ | १०१,३३५ |
| घाटा पूर्तिकोष | ५.0% | १११,८६७ | १०१,३३५ |
| सहकारी बिकास कोष | ५.0% | १११,८६७ | १०१,३३५ |
| स्थिरिकरण कोष | ५.0% | १११,८६७ | १०१,३३५ |
| सहकारी शिक्षा तथा तालिम कोष | ५.0% | १११,८६७ | १०१,३३५ |
| सदस्य स्वास्थ्य जोखिम कोष | ५.0% | १११,८६७ | १०१,३३५ |
| **जम्मा** | **ख** | **३,९८४,१५१** | **३,६२७,१९२** |
| **खूद संचित मुनाफा** | **क-ख** | - | - |

M.R.U. & Associates
Kathmandu
Chartered Accountants

३१ आषाढ २०८०

अनुसूची १०

ऋणमा ब्याज आम्दानी

| विवरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| ब्यापार कर्जा | ९,८१५,३६६ | ८,०८७,६४९ |
| जग्गा कर्जा | ८७१,४७१ | ५६३,५५४ |
| हायर पर्चेज कर्जा | ४२,४५४ | ३७८,४५२ |
| जम्मा | १०,७२९,२९१ | ९,०२९,६५५ |

अनुसूची ११

ब्याज खर्च

| विवरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| मुद्धति बचत | १,९६१,२०० | १,१९८,४७३ |
| साधरण बचत | २७,२४८ | २४,३५४ |
| बाल बचत | ८६,९१० | ६४,३८५ |
| नारी बचत | १६,५४२ | १५,४२७ |
| आवधिक बचत | २१६,४३७ | १५५,६८९ |
| बड बचत | १,८३७,९७६ | १,३३४,४०३ |
| बशेष बचत | १६१,०४४ | १२६,२१७ |
| बिधार्थी बचत | - | - |
| स्वइक्षिक बचत | ६१,२०३ | ४८,३१० |
| खुत्रुके बचत | ७७,९७५ | ५३,८३६ |
| ३६५ दिने बचत | ४१३,००० | २९२,००० |
| कर्मचारी संचय कोष बचत | ३,२०८ | ३४,८११ |
| कारोबार बचत | १४०,६२९ | ४१५,९८२ |
| अक्षय कोष बचत | १५,०९९ | १३,८५१ |
| शेयर लाभांस बचत | १२१,७१८ | ५७,७०३ |
| जम्मा | ५,१४०,१८९ | ३,८३५,४४१ |

अनुसूची १२

अन्य आम्दानी

| विवरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| सहकारी विकास शुल्क | १६,८०० | १६,८०० |
| जरीवाना / हर्जाना | ८७२,१५६ | ७०९,८८६ |
| कर्जा आवेदन | १७,२०० | २०,७०० |
| विविध आम्दानी | ६१९,९८० | ३५,३६४ |
| कर्जा सेवा शुल्क | ९८९,४७८ | १,३७९,५१६ |
| सदस्यता शुल्क | ७,२०० | १५०,३७० |
| लाभांस | ७,६८८ | ३,१६१ |
| जम्मा | २,५३०,५०१ | २,३१५,७९७ |

अनुसूची १३

कर्मचारी खर्च

| विवरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| तलव खर्च | १,७०१,४८१ | १,३१६,४६१ |
| पोसाक खर्च | १०,००० | ४८,४५५ |
| सामाजिक सुरक्षा कोष खर्च | १७१,३६० | १२८,००२ |
| जम्मा | १,८८२,८४१ | १,४९२,९१८ |

अनुसूची १४

प्रशासनिक खर्च

| विवरण | यस आ.ब.को | गत आ.ब.को |
|---|---|---|
| घरभाडा खर्च | २८०,१७५ | २७३,४२० |
| छपाई तथा मसलन्द खर्च | ९२,८२५ | ४९,३७६ |
| बत्ति तथा पानी खर्च | २८,७७५ | २६,१३५ |
| परिबहन तथा यातायात खर्च | - | ३,३९४ |
| टेलिफोन खर्च | २२,६०० | २४,४०० |
| अन्य कार्यालय खर्च | ६०,५४५ | १३९,७३४ |
| लेखा परिक्षण शुल्क खर्च | ५६,५०० | ५६,५०० |
| पत्र पत्रिका खर्च | - | १,२०० |
| साधरण सभा खर्च | ६१६,१०० | ५६८,०९७ |
| क्यलेन्डर छपाई खर्च | ५७,४०० | ३२,३९७ |
| सफ्टवेर खर्च | २६,२७७ | २०,०७० |
| बिज्ञापन खर्च | १५,२५५ | २०,९६० |
| बैक सुल्क | ९१० | ५६० |
| बैठक भत्ता | २२१,००० | २१९,५०० |
| खाजा खर्च | ६४,३८७ | ९६,२३३ |
| नविकरण तथा कर खर्च | ११,३७८ | ४,००० |
| वेभसाइट खर्च | १५,००० | - |
| तिज खर्च | १३४,००० | - |
| बर्षिकउत्सव खर्च | ८,००० | - |
| जम्मा | १,७११,१२७ | १,५३५,९७६ |

M.R.U. & Associates Kathmandu Chartered Accountants

# बड बचत तथा ऋण सहकारी संस्था लि.

जायजेथा, प्लान्ट र उपकरण
३१ आषाढ २०८०

रकम रु.

| विवरण | ह्रास कट्टी | परल मोल | | | | ह्रास कट्टी | | | | खूद बांकी मूल्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | % | गत बर्ष सम्म | समायोजन | यस बर्ष | जम्मा | गत बर्ष सम्म | समायोजन | यस बर्षको | जम्मा | यस वर्षको | गत वर्षको |
| वर्ग – "क" | | | | | | | | | | | |
| जग्गा जमिन | ०% | | | | – | | | | – | – | – |
| भवन | ५% | | | | – | | | – | – | – | – |
| वर्ग – "ख" | | | | | | | | | | | |
| कार्यालय उपकरण | २५% | ४८७,५७६ | – | ३२०,३२५ | ८०७,९०१ | १६७,८२० | – | १११,४५२.०७ | २७९,२७२ | ५२८,६२९ | ३१९,७५६ |
| वर्ग – "ग" | | | | | | | | | | | |
| सवारी साधन | २०% | | | | | | | | | | |
| वर्ग – "घ" | | | | | | | | | | | |
| मेशिनरी सम्पति | १५% | | | | | | | | | | |
| वर्ग – "ङ" | | | | | | | | | | | |
| सफ्टवेयर | | – | | | | | | | | | |
| पट्टामा सुधार | SLM | १००,६६४ | – | १०,००० | ११०,६६४ | ४०,२६६ | – | २०,७९९.४७ | ६१,०६५ | ४९,५९९ | ६०,३९८ |
| जम्मा | | ५८८,२४० | – | ३३०,३२५ | ९१८,५६५ | २०८,०८५ | – | १३२,२५१.५३ | ३४०,३३७ | ५७८,२२८ | ३८०,१५४ |